ネパール語

बहुसांस्कृतिक बालबालिका सैलुन कस्तो हुन्छ?

बहुसांस्कृतिक बालबालिका सैलुन सिटि को आर्थिक सहायतामा NPO निशि टोकियो बहुसांस्कृतिक सहअस्तित्व केन्द्र (NIMIC) द्वारा सञ्चालित छ। यो निशिटोकियो शहरमा बस्ने वा अध्ययन गर्ने मातृभाषा जापानी नभएका बालबालिका र उनीहरूका आमाबाबु/ अभिभावकहरू आउन सक्ने स्थान हो। हिबारीगाओका जुनियर हाई स्कूल लगायत शहरका तीन प्राथमिक विद्यालयहरूमा स्याटेलाइट सैलुनहरू स्थापना गरिएका छन्।

बहुसांस्कृतिक किड्स सैलुनका तीन कार्यहरू छन्। जापानी भाषा र अन्य विषयहरू अध्ययन, चिन्ता र समस्याहरूको बारेमा सल्लाह र स्थानीय मानिसहरू र समान परिस्थितिमा रहेका अरूसँग अन्तरक्रिया गर्नु हो ।

बहुसांस्कृतिक किड्स सैलुनको उद्देश्य सबैले अन्य मानिसहरूसँग सम्पर्क गर्दै आफ्नो जीवन बिताउन समुदायलाई एकीकृत सहयोग प्रदान गर्नु हो।

हाम्रो अहिलेसम्मको यात्रा

२००७ मा निशी टोकियो सिटी र NIMIC द्वारा संयुक्त रूपमा आयोजना गरिएको जापानी भाषा आफ्नो मातृभाषा नभएका बालबालिकाहरूलाई सिकाइ सहयोग प्रदानगर्न स्वयंसेवक तालिमका सहभागीहरूद्वारा बालबालिका जापानी भाषा कक्षा सुरु भयो।

२०२४ अप्रिल बाट निशी टोकियो सिटि परियोजना अन्तर्गत "बहुसांस्कृतिक किड्स सैलून" को रुपमा NIMIC द्वारा पुन संचानल हुदैछ।

बहुसांस्कृतिक बालबालिका सैलुन
(बालबालिकाको लागि जापानीभाषा कक्षाहुने स्थान)

निशी टोकियो शहर बहुसांस्कृतिक सहअस्तित्व केन्द्रमा पनि परामर्श उपलब्ध छ । कृपया पहिले हामीलाई तलको ठेगानामा सम्पर्क गर्नुहोस्।

〒188-0012
पहिलो तल्ला, इंग बिल्डिंग, 5-6-18
मिनामिमाची, निशी टोकियो शहर
☎ 042-461-0381
✉ info@nimic.jp

बहुसांस्कृतिक बालबालिकाको सैलुन

多文化キッズサロン

निशी टोकियो शहर जीवनशैली संस्कृति खेलकुद विभाग, सांस्कृतिक प्रवर्द्धन शाखा

निशी टोकियो शहर शिक्षा विभाग शिक्षा मार्गदर्शन शाखा

थप जानकारीका लागी

व्यवस्थापन/सोधपुछ

एनपीओ निशी टोकियो बहुसांस्कृतिक सहअस्तित्व केन्द्र (एनआईएमआईसी)

अध्ययन

जापानी भाषा अध्ययन
स्कूलका पाठहरूको समीक्षा गर्न र गृहकार्य गर्न सहयोग
लामो बिदामा उच्च माध्यमिक विद्यालय प्रवेश परीक्षाको तयारी, पूरक पाठहरूको लागि सहयोग
जापानी रीतिरिवाज र संस्कृति सिकाई

बहुसांस्कृतिक बालबालिकाको सैलुन

बालबालिकाका लागि जापानी भाषा कक्षाहरूको जुनियर हाई स्कूल डिभिजन छ।

हिबारीगाओका जुनियर हाई स्कूल
हरेक बिहिबार १७:३०-१९:००

स्याटेलाइट सैलुन

शहरका तीन प्राथमिक विद्यालयहरूमा बालबालिकाको जापानी भाषा कक्षाको प्राथमिक विद्यालय विभाग स्थापना गरिएको छ।

होया दाइची प्राथमिक विद्यालय, होइची कक्षा
प्रत्येक मंगलबार १५:३०-१७:००

यातो प्राथमिक विद्यालय यातो कक्षा
हरेक बुधबार १५:१५-१६:४५

मुकोदाई प्राथमिक विद्यालय मुकोदाई कक्षा
हरेक बिहिबार १५:३०-१७:००

कार्ड खेल् (होइची कक्षाकोठा)

बालबालिका जापानी भाषा कक्षामा, जापानी भाषा आफ्नो मातृभाषा नभएका प्राथमिक र जुनियर हाई स्कूलका विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। जापानी भाषा बोलाई मा सक्षम भए पनि पढाई र पाठ बुझाई को लागि अपर्याप्त हुन्छ। भाषाको अपर्याप्त ज्ञान का कारण गलत बुझाई पनि भैरहेको हुन्छ। शब्द को गलत उच्चारण का कारण बुझाई मा समस्या हुने गर्छ।हामी बालबालिकाहरूलाई जापानी भाषा सिक्न र एक पूर्ण स्कूल जीवन बिताउन सहयोग गर्छौं।

परामर्श

जापानी भाषा आफ्नो मातृभाषा नभएका बालबालिकाहरू,अभिभावकज्यूहरू, के तपाईहरुलाई कुनै समस्या छ ?

तपाईंले बहुसांस्कृतिक बालबालिका सैलुन संयोजकहरू र कर्मचारीहरूसँग परामर्श गर्न सक्नुहुन्छ । तपाईंसँग हुन सक्ने कुनै पनि समस्या समाधान गर्न हामी आवश्यकता अनुसार सम्बन्धित संस्थाहरूसँग सहकार्य र समन्वय गर्नेछौं।



※हामी स्कूलका कर्मचारी र अन्य संस्थाहरूका लागि पनि परामर्श प्रदान गर्छौं।

अन्तरक्रिया

जापानी भाषा मातृभाषा नभएका बालबालिकाहरू बीचको अन्तरक्रिया
ज्येष्ठ नागरिक र स्थानीय समुदायसँग अन्तरक्रिया
गर्मी र हिउदे बिदा भ्रमणहरू

बहुसांस्कृतिक किड्स सैलुनमा, हामी मौसम अनुसार कार्यक्रमहरू आयोजना गर्छौं। साप्ताहिक जापानी भाषा कक्षाहरूले प्रायः बोल्ने मौका नपाउने विद्यार्थीहरूलाई एकअर्कालाई चिन्ने र साथी बन्ने अवसर प्रदान गर्दछ।
कहिलेकाहीँ युवा क्लबका ठूला दाई दिदिहरु (१६-२४ वर्ष उमेरका NIMIC स्वयंसेवकहरू) कार्यक्रममा आउँछन् र बिद्यार्थीहरु सँगै खेलहरू खेल्छन्।

मार्चमा,प्राथमिक डिभिजनका छैठौं कक्षाका विद्यार्थीहरू जुनियर हाईस्कूलमा छिट्टै अभ्यस्त हुन सकून् भनेर जुनियर हाईस्कूल डिभिजनमा एक चिनजान कार्यक्रम आयोजना गरिनेछ । हामी प्राथमिक र जुनियर हाईस्कूल डिभिजन बीचको सम्बन्धलाई पनि महत्व दिन्छौं।
गर्मी र हिउदे बिदामा ताचिकावा प्रकोप रोकथाम सेन्टर, कोगानेई पार्क, तामा रोकुतो विज्ञान संग्रहालय र उएनोका संग्रहालय र कला ग्यालरीहरू जस्ता ठाउँहरूमा भ्रमणमा जान्छौं।

रमाइलो पार्टी (तानितो कक्षा)

दीक्षान्त समारोह र विदाई पार्टी (मुकैदाई कक्षा)

आदानप्रदान बैठक
(प्राथमिक विद्यालय र जुनियर हाईस्कूल)

तामा रोकुतो विज्ञान संग्रहालय (जुनियर हाईस्कूल)